नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग

# ई.पि.एस.कोरिया शाखा

**उत्पादनमुलक (Manufacturing) र कृषि तथा पशुपालन (Agriculture & Livestock) क्षेत्र तर्फको कोरियन भाषा परीक्षा (EPS-TOPIK-2025, UBT) को Skill and Competency Test सम्वन्धी सूचना।**

(प्रकाशित मिति: २०८२।१२।२७)

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गणतन्त्र कोरिया श्रम तथा रोजगार मन्त्रालय बीच भएको समझदारी पत्र (MOU) अन्तर्गत कोरियामा नेपाली कामदार पठाउने सिलसिलामा उम्मेदवारहरुको छनौट गर्न HRD Service Of Korea बाट सञ्चालन भएको उत्पादनमुलक (Manufacturing) र कृषि तथा पशुपालन (Agriculture & Livestock) क्षेत्र तर्फको First Round को कोरियन भाषा परीक्षाको नतिजा HRD Service Of Korea बाट प्राप्त भई यस शाखाको वेभसाईटमा प्रकाशित भएको ब्यहोरा सम्बन्धित सबैमा सर्वविदितै छ ।

First Round को कोरियन भाषा परीक्षाको नतिजामा उत्तीर्ण हुनु भएका उत्पादनमुलक (Manufacturing) क्षेत्र तर्फका ६०७४ र कृषि तथा पशुपालन (Agriculture & Livestock) क्षेत्र तर्फका २०२० जना परीक्षार्थीहरुको Second Round को Skill and Competency Test को परीक्षा **नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,** जावलाखेलमा **मिति २०८३ वैशाख ०६ गते देखि २०८२ वैशाख १५ गते (तदानुसार ई.सं. April 19 – April 28, 2026)** सम्म संचालन हुनेछ ।

उत्तीर्ण हुन सफल हुनुभएका परीक्षार्थीहरुको Skill and Competency Test परीक्षा हुने मिति र समय उल्लेख गरी नामावली यसै साथ संलग्न गरिएको छ ।

**परीक्षार्थीहरुको लागि नोटः**

क) परीक्षार्थीहरुले आफ्नो तोकिएको परीक्षा मिति, समय र स्थान परिवर्तन गर्न सक्ने छैन ।

ख) सूचीमा तोकिएको मिति र समय भन्दा अघि-पछि परीक्षा स्थलमा प्रवेश गर्न दिईने छैन ।

ग) परीक्षार्थीहरुले आफ्नो सक्कल राहदानी र प्रवेश पत्र अनिवार्य रुपमा लिई आउनु पर्ने छ, अन्यथा परीक्षा स्थलमा प्रवेश गराईने छैन ।

घ) परीक्षार्थीहरुले Skill and Competency Test परीक्षामा सहभागी नभएमा भाषा परीक्षाको उत्तीर्ण सूचीमा नाम समावेश हुने छैन ।

ङ) उत्तीर्ण भएका परीक्षार्थीहरुले थप योग्यता भएको दाबी गरेको भए सो सम्बन्धी सक्कल प्रमाणपत्र साथमा लिई Skill Test मा उपस्थित हुनु पर्नेछ ।

च) Skill & Competency Test दिने परीक्षार्थीहरुले बायोमेट्रिक हाजिरी हुने भएकोले परीक्षा सुरु हुनु १:३० घण्टा अगाडीनै अनिवार्य रुपमा परीक्षा केन्द्रमा उपस्थित हुनु पर्नेछ ।

**कोरियन भाषा परीक्षा उत्तीर्ण हुनु भनेको रोजगारीको छनौट प्रकृयामा सामेल हुन रोष्टरमा सूचिकृत हुनु मात्र हो, शत प्रतिशत रोजगारीको ग्यारेन्टी भने होईन ।तसर्थ आफ्नो पेशा, व्यवसाय तथा अध्ययन आदिलाई निरन्तरता दिनुहोला ।**

2082/12/26

ई.पि.एस. कोरिया शाखा